# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९

# बेदकोट नगरपालिका
# कंचनपुर




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. ३९७ मितिः २०७९।३।१९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री नगर प्रमुखज्यू,
बेदकोट नगरपालिका,
कंचनपुर।

**कैफियत सहितको राय**

हामीले **बेदकोट नगरपालिकाको** आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. **लेखापरीक्षणबाट रू.३ करोड ८७ लाख ४ हजार बेरुजु देखिएको छ। सोमध्ये मिति २०७८।११।१३ मा प्राप्त प्रतिक्रियाबाट रु.३ लाख ८२ हजार फस्यौंट भई असुल गर्नुपर्ने रु.१९ लाख ६४ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड १९ लाख ६७ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ४८ लाख ८९ हजार र पेश्की बाँकी रू.९५ लाख ४२ हजार बाँकी बेरुजु रहेको छ ।** पालिकाको गत वर्षसम्म रु.५ करोड ३२ लाख ७९ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.८ करोड ४६ लाख २९ हजार रहेको छ । यस पालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।**
२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। **नगर** कार्यपालिका, **नगर प्रमुख** र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

## बेदकोट नगरपालिका, कंचनपुर

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

<table>
<tr><th colspan="3" rowspan="2">प्रारम्भिक बेरुजु</th><th colspan="3" rowspan="2">प्रतिक्रियाबाट फस्यौंट</th><th colspan="3" rowspan="2">बाँकी बेरुजु</th><th colspan="7">बेरुजु</th></tr>
<tr><th rowspan="3">असुल गर्नुपर्ने</th><th colspan="5">नियमित गर्नुपर्ने</th><th>पेस्की</th></tr>
<tr><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th rowspan="2">अनियमित भएको</th><th rowspan="2">प्रमाण कागजात पेश नभएको</th><th rowspan="2">राजस्व लगत जिम्मेवारी नसारेको</th><th rowspan="2">सोधभर्ना नलिएको</th><th rowspan="2">जम्मा</th><th rowspan="2"></th></tr>
<tr><th>सैद्धान्तिक</th><th>लगती</th><th>सैद्धान्तिक</th><th>लगती</th><th>सैद्धान्तिक</th><th>लगती</th></tr>
<tr><td>८१</td><td>८८</td><td>३८७०४</td><td>३</td><td>२२</td><td>३४२</td><td>७८</td><td>६६</td><td>३८३६२</td><td>१९६४</td><td>१४८८९</td><td>११९६७</td><td>०</td><td>०</td><td>२६८५६</td><td>९५४२</td></tr>
</table>

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको **फस्यौंट** | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| ५३२७९ | ० | ७०१२ | ४६२६७ | ० | ३८३६२ | ८४६२९ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : बेदकोट नगरपालिका, कंचनपुर , बेद्‌कोट नगरपालिका , कंचनपुर

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | Padam Raj Bhatta | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Deepak Raj Joshi | २०७९-२-४ | |
| लेखा प्रमुख | Prem Bahadur Nidal | २०७७-४-१ | २०७९-२-३ |
| | | **बेरुजु रकम** | ३८,७०४,६५४ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | १८,३७,०८,४८७.५ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४४,४६,५६,१६० | चालु खर्च | ५३,६७,५०,५३९.८ |
| प्रदेश सरकारबाट अनुदान | १,१४,२०,००० | पूँजीगत खर्च | १७,०३,९१,४३२ |
| राजश्व बाँडफाँट | ११,९९,७७,५६०.५ | वित्तीय/अन्य व्यवस्था | ० |
| आन्तरिक आय | १,२८,४५,६५८ | | |
| अन्य आय | १६,९७,२४,६६७.०८ | | |
| कुल आय | ७५,८६,२४,०४५.५८ | कुल खर्च | ७०,७१,४१,९७१.८ |
| बाँकी मौज्दात | | २३,५१,९०,५६१.२८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १० वडा, सभा सदस्य, १६९.९२ वर्ग किलोमिटर क्षेत्रफल तथा ६२७९१ जनसंख्या रहेको छ । | |
| २ | | | **छलफल**<br>लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरीक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७८। । मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् | |
| ३ | | | **लेखापरीक्षणको क्रममा असुली**<br>यस पालिकाबाट लेखापरीक्षणको क्रममा सामाजिक सुरक्षा मिति २०७८।९।११ मा फिर्ता रु. २४८४६६१, विभिन्न विद्यालयको बढी निकासा मिति २०७८।९।१३ मा रु. ९४१८२०।, नगर शिक्षा समितिको भत्ता वापत मिति २०७८।१०।३ मा दाखिला रु. ८९२५, पारिश्रमिक कर दाखिला मिति २०७८।१०।३ मा रु. ५०६००,पारिश्रमिक कर दाखिला मिति २०७८।१०।३ मा रु. १०४९१, बढी ज्याला भुक्तानी मिति २०७८।९।२८ मा दाखिला रु. ५२००, पारिश्रमिक कर मिति २०७८।९।२८ मा दाखिला रु. ८६४४ र सहजीकरण भत्ता मिति २०७८।९।३० मा दाखिला रु. १०२०० गरी जम्मा रु. ३५१९६२१ असुल भएको छ । | |
| ४ | | | **आन्तरिक नियन्त्रण** | |
| ४.१ | | | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नु पर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>•. स्थानीयसरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | .• स्थानीयसरकार संचालन ऐन, २०७४ को दफा ७१ मा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• . जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा कार्यालयले गरेको देखिएन ।<br>• . सार्वजनिक खरिद नियमावलि 2064 को नियम 7 र 8 खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको देखिएन ।<br>•. अधुरा आयाोजनाहरूको समिक्षा गरेको प्रमाण देखिएन ।<br>•. नगरपालिका कार्यालयले बैक हिसाव मिलान गरेको देखिएन ।<br>•. पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नु पर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>· स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो .।<br>· • वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>· • मुल्य अभिवृद्धि कर नियमावली २०53 को नियम 6 क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।<br>· • कार्यालयले उद्वेश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>· • कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नु पर्नेमा से अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावलि 2064 को नियम 7 र 8 खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नु पर्नेमा तयार गरेको पाईएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | ·• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनु भन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 74 (2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली 2064 को नियम 97 अनुसार यस वर्ष कार्य सम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ७४ जनाको दरबन्दी रहेकोमा .२० दरबन्दी रिक्त रहेको पाईयो ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितण मुखि रहेको पाईयो ।<br>• निजामती सेवा ऐन 2049 वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नु पर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.२ | | | **सूचना प्रविधी पद्धतिः** सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन् । सूचना प्रविधी नियन्त्रण वातावरणको ब्यहोरा निम्न रहेको छ ।<br>१. कार्यालयको आफनो पहुच भन्दा बाहिरको निकायको पहुच रहेको ।<br>२.सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरी त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको देखिएन ।<br>३. सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था गरेको देखिएन ।<br>४ . कार्यालयमा २ प्रकारका सफ्टबेयर सिग्यास र सुत्रको प्रयोग गरेको कारण एकिकृर्त आर्थिक बिवरण तयार गर्ने म्यानुअलमा भर पर्नु पर्ने अवस्था रहेको । समग्र कारोवार एउटै सफ्टवयरबाट नभएको कारण नगरपालिकाको वास्तबिक आय ब्यय निकाल्न समस्या देखिन्छ । | |
| ४.३ | | | **म.ले.प फारामले तोके बमोजिमका आन्तरिक नियन्त्रण पद्धतिः** सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि म.ले.प फारामको व्यवस्था गरिएको छ । यस सम्बन्धमा देखएका ब्यहोरा निम्न रहेका छन ।कार्यालयले म.ले.प. फाराम बमोजिम सवारी साधनको अभिलेख अधावधिक गर्न तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।<br>• म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक आंशिक रूममा मात्र राखेको देखिन्छ ।<br>• म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख राखेको देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.४ | | | **भ्रमण अभिलेख :** भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमणमा खटिने कर्मचारीको भ्रमण प्रारम्भ गरे पछि सम्बन्धित कार्यालयले अनुसुचि ६ बमोजिम म.ले.प फारामको प्रयोग गरी अभिलेख राख्नु पर्ने ब्यवस्था छ । यस कार्यालयले आर्थिक बर्ष २०७७।७८ भ्रमण गरेका कर्मचारीहरूको निम्न अनुसारको बिवरण राखेको देखिएन अत कार्यालयले यसतर्फ ध्यान दिनु पर्दछ ।<br>• म. ले. प. फाराम बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख राखेको देखिएन ।<br>• म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख राखेको देखिएन ।<br>• म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन आंशिक रूपमा मात्र लिने गरेको देखिन्छ । | |
| ४.५ | | | **बेरुजु लगतः** यस कार्यालयले बेरूजु सम्बन्धि म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मको प्रयोग गरेको देखिएन । अत कार्यालयले म. ले. प. फारामको प्रयोग गरी बेरूजु अद्यावधिक गर्न तर्फ ध्यान दिनु पर्दछ । | |
| ५ | | | **कानुन निर्माण** | |
| ५.१ | | | **कानुन निर्माण तथा कार्यान्वयन** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । यस कार्यालयले गत बिगत बर्षहरूमा ३९ वटा कानुन निर्माण गरेको र चालु आ.वा.मा २ वटा निर्देशिका तयार गरेको देखिन्छ भने आवश्यक्ता अनुसार नगरपालिका लाई लागु हुने कानुन निर्माण भए भएन एकिन हुन सक्ने आधार देखिएन । अत नगरपालिकाले एकिन गर्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.२ | | | **न्याय सम्पादन :** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । यस कार्यालयले आर्थिक बर्ष २०७६।७७ मा दर्ता भएका २ र आर्थिक बर्ष २०७७।७८ मा ६० गरी जम्मा ६२ वटा उजुरी दर्ता भएकोमा ३३ वटा उजुरीको फर्छयौट वा कारबाही किनारा गरी टुङ्गो लगाएको देखिन्छ भने २९ वटा उजुरी समयमा कारवाही किनारा गरी टुङ्गो लगाएको देखिएन । अत कार्यालयले समयमा उजुरी कारवाही किनारा लगाउन तर्फ ध्यान दिनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **पदाधिकारी सुविधा**<br>नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार नगरपालिकाबाट देहाय बमोजिम रु. १९३२६५००।-सुविधा वापत भुक्तानी भएको छ । | |

| सि.नं. | विवरण | प्रमुख | उपप्रमुख | वडाध्यक्ष १० जना | कार्यपालिका सदस्य ८ जना | सभाका सदस्य ३३ जना | जम्मा ५३ जना |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | ४२००० | ४२००० | ४२०००० | ३३६००० | १३८६००० | २२२६००० |
| २ | यातायात खर्च | ० | २१०००० | ० | ८४००० | ३४६५०० | ६४०५०० |
| ३ | टेलीफोन, मोबाइल | १४७००० | १२६००० | ८४०००० | ५८८००० | १३८६००० | ३०८७००० |
| ४ | पुस्तक, पत्रिका, इन्टरनेट | १३६५०० | १०५००० | ८४०००० | ५८८००० | १७३२५०० | ३४०२००० |
| ५ | समन्वय तथा सहजीकरण | २१०००० | १८९००० | १३६५००० | १००८००० | २७७२००० | ५५४४००० |
| ६ | अतिथि सत्कार | २३१००० | २१०००० | १६८०००० | ० | ० | २१२१००० |
| ७ | खानेपानी, विजुली, सरसफाई | ८४००० | ७३५०० | ५२५००० | ४२०००० | ६९३००० | १७९५५०० |
| ८ | चाडपर्व खर्च | २७५०० | २५००० | १८०००० | ८०००० | १९८००० | ५१०५०० |
| जम्मा | | ८७८००० | ९८०५०० | ५८५०००० | ३१०४००० | ८५१४००० | १९३२६५०० |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ७ | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन्। तर नगरपालिकाले यस वर्ष २६ जनालाई रु. ३१०००० आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता वितरणका लागि कार्यविधि स्वीकृत गरेर ठोस आधारमा सहायता दिने, व्यवस्था लागू गरी दिने, आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| ८ | | | **कर्मचारी सङ्गठन र व्यवस्थापन** | |
| ८.१ | | | निजामती सेवा ऐन, २०४९ तथा नियमावली, २०५० को व्यवस्था अनुसार जिल्ला स्थित कोष तथा लेखा नियन्त्रण कार्यालयबाट निजामती कर्मचारीहरुको तलबी प्रतिवेदन पारीत गराएर मात्र तलब खर्च लेख्नु पर्ने आर्थिक वर्ष २०७७।०७८ मा नगरपालिकाको प्राविधिक तथा अप्राविधिक गरी स्थायी दुवैतर्फका ५४ जना स्थायी कर्मचारीहरुको जम्मा रु. ३०५७९१२१ तलब भत्ता भुक्तान गरेको पाइयो । नगरपालिकाले उक्त कर्मचारीहरुको तलबी प्रतिवेदन पारीत नगराई तलब भत्ता भुक्तान गरेकोमा सो को ग्रेड एकीन गर्न सकिएन । | |
| ८.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी सँगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर नगरपालिकाले विभिन्न २७ जना कर्मचारीहरु करारमा राखी रु. ८३९०६८५ खर्च लेखेको छ । | |
| ८.३ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी सङ्गठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। नगरपालिकाले यस वर्ष बिभिन्न तहका ७४ दरबन्दी स्वीकृत गरी ५४ जना स्थायी कर्मचारीको पदपूर्ति भएको बाँकी २० दरबन्दीमा ३० जना करार कर्मचारी राखी सेवा प्रवाह गरेको पाइयो । मुख्य पद प्रमुख प्रशासकीय अधिकृत, इन्जिनियर लगायतको पदपूर्ति भएको पाइएन । त्यसै गरी सोही ऐनको दफा ८३ (८) बमोजिम पालिकाले स्वीकृत दरबन्दी वाहिर रही सहायक प्रशासन ३ जना बढी, अ. हे. व. ६ जना बढी र अ. न. मि. ७ जना बढी गरी १६ जना बढी कर्मचारीलाई करारमा राखी रु. ४४१७७९० खर्च लेखेको छ । स्वीकृत दरबन्दी वाहिर राखी खर्च गरेको अनियमित देखिएको रु. | ४,४१७,७९० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ९ | | | **प्रकोप व्यवस्थाप खर्च र विवरण** | |
| ९.१ | | | विपद् जोखिम् न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानिय तहमा विपद् व्यवस्थापन कोषमा रहने रकम भुक्तानी गर्ने गरेको देखिन्छ । नगरपालिकामा रहेको उक्त कोषमा गत बर्षको मौज्दात रु. १२८३७००० रहेको, यो आ.व.मा रु. ६०६८००० जम्मा भएकोमा रु. १२६८७००० खर्च भई रु. ६२१८००० बाँकी रहेको देखिन्छ । | |
| ९.२ | | | कार्यालयले कोभिड प्रकोप व्यवस्थान सन्दर्भमा स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको रु. ५००००००, सङ्घीय कोभिड कोषबाट रु. १००००००, अन्य स्रोतबाट रु. ६८००० तथा मौज्दात रु. १२८३७१४७ गरी कूल रकम रु. १८९०५१४७ मध्ये क्वारेन्टिन निर्माण रु. ६८००४४६, आइसोलेशन केन्द्र निर्माण व्यवस्थापन रु. १३८११४३, औषधी एवं स्वास्थ्य उपकरण तथा सामाग्री खरिद रु. २५३४८०३, स्वास्थ्य पूर्वाधार निर्माण रु. १००००००० तथा अन्य शीर्षकमा भएको खर्च तथा व्यवस्थापन रु. ९७०२०८ गरी जम्मा रु. १२६८६६०० खर्च गरी बाँकी मौज्दात रु. ६२१८५४७ रहेको विवरण पेश भएको छ । एकमुष्ट रुपमा खर्च देखाईएको उक्त रकम कहाँ कहाँ कसोरी खर्च भएको हो खुल्दैन् । अत: एकिन नगरी हुने यस्ता खर्चमा नियन्त्रण हुनु पर्दछ । कोभिड कोषमा प्रदेश सरकार, सँघिय सरकार ,अन्य निकायगत अनुदान पटक पटक प्राप्त भएकोमा सो को निकायगत प्राप्ती एवँ शिर्षकगत खर्चको विस्तृत विवरण नगरपालिकाले तयार गरेको छैन् । औषधि लगायतका स्वास्थ्य सामाग्री खरिद एवँ वितरण, राहात वितरण, क्वारेन्टिन सञ्चालन खर्च लगायतका शिर्षकगत खर्च पुष्टि हुने विवरण सहितको लेखा अद्यावधिक नगरेको कारण खर्च एकिन गर्न सकिने अवस्था छैन् । शिर्षक नखुलाई अन्य विविध खर्चको रकम रु. ९ लाख ७० हजार देखिनुले कोभिड-१९ रोकथाममा निकायले गरेको खर्च पारदर्शी छैन् । | |
| ९.३ | | | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ९.४ | | | पालिकाले यस आर्थिक २०७७।०७८ मा बिभिन्न ५ जना स्वास्थ्यकर्मीलाई जम्मा रु. ३९३२६७ जोखिम भत्ता दिएको पाइन्छ । कुन तह वा पदको कतिको दरले जोखिम भत्ता खर्च लेख्ने भनी आधार पेश भएको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९.५ | | | यस नगरपालिकामा रहेको सामादैजी ३ स्थित वेदकोट नगर कोभिड अस्पतालमा १ जना मेडिकल अफिसर, २ जना स्टाफ नर्स, १ जना कार्यालय सहयोगी र १ जना चौकिदारको दरबन्दी रहेकोमा सबै पदहरुमा पदपूर्ति भएको छ । पदपूर्ति मध्ये सबै पदमा करारमा नियुक्ति भएको छ । | |
| ९.६ | | | सामादैजि स्थित बेदकोट कोभिड अस्पतालमा भेन्टिलेशन १ तथा आइसियु बेड १ आवश्यक रहेकोमा उक्त सामाग्रीहरु उपलब्ध छैन् । यसले अस्पतालको सेवा प्रभावकारी छ भन्ने यकीन गर्न सकिदैन् । | |
| १० | | | **राजश्व तथा आन्तरिक आयतर्फ** | |
| १०.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले नगरपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। नगरपालिकाले आर्थिक वर्ष २०७७।०७८ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।<br>(रु.हजारमा)<br>केन्द्रिय अनुदानबाट खर्च: ५२२२७२ ; आन्तरिक आय: १२८४६ ; आन्तरिक आय प्रतिशत: २.४०<br>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.४० प्रतिशत मात्र रहेको छ ।त्यसैले नगरपालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| १०.२ | | | आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ (१), (२), (३), (४) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । व्यवसाय रजिष्ट्रेशन दस्तुर, मृत्युदर्ता सिफारिस दस्तुर, नाता प्रमाणित अन्य सेवा शुल्क सेवा दिएकोमा सो बापतको आय वडागत रुपमा असूल भएको कार्यालयबाट प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन् । | |

Nested table in row १०.१ (रु.हजारमा):

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ५२२२७२ | १२८४६ | २.४० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १०.३ | | | आर्थिक कार्यविधि एवं वित्तीय उतरदायित्व ऐन, २०७६ को परिच्छेद ४ को दफा २५ ले अभिलेख अद्यावधिक गरि सो को लेखापरिक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष राजस्व आम्दानीको म.ले.प. फारम नं. १०८ नराखेको तथा दैनिक राजस्व असुलीको दैनिक टिपोट खाता सहित असुली र बैंक दाखिलाको अभिलेख राखेको पाइएन । वडा कार्यालयहरुले नगदी रसिद काटी नगद आम्दानी गरेको र खातामा नचढाएको कारण यथार्थ आम्दानी यकिन गर्न सकिएन । आ.व. ०७७।७८ मा नगरपालिकाले विभिन्न वडा तथा नगरपालिका समेतबाट बार्षिक विवरण अनुसार रु. १२८४५६५८ आय प्राप्त भएको देखाएकोमा उक्त आन्तरिक राजश्व मध्ये कुन कुन वडा र नगरपालिकाको कति राजश्व प्राप्त भएको र कति दाखिला भएको भन्ने एकिन गर्न सकिएन । सबै वडागत आन्तरिक आयको कारोबार बैङ्किङ प्रणाली मार्फत् सञ्चालन गरी आय अभिलेख अद्यावधिक गराई राख्नु पर्दछ । | |
| १०.४ | | | आर्थिक कार्यविधि एवं वित्तीय उतरदायित्व ऐन, २०७६ को परिच्छेद ४ को दफा २५ ले राजस्वको अभिलेख अद्यावधिक गरी सो को विवरण राख्ने जिम्मेवारी कार्यालय प्रमुखको हुनेछ । आ.व. २०७७।०७८ मा नगरपालिकाले बिभिन्न वडा तथा नगरपालिका समेतबाट बार्षिक विवरण अनुसार रु. १२८४५६५८ आय प्राप्त भएको देखाएकोमा उक्त आन्तरिक राजश्व प्राप्त गर्दा रसिद नियन्त्रण खाता कार्यालय प्रमुखको प्रमाणित गराई राख्नु पर्नेमा सो गरेको पाइएन । साथै रु. २ करोड १९ लाख ३० हजार राजश्व सङ्कलन गर्ने अनुमान गरेकोमा सो को ७०.७२ प्रतिशतले घटी राजश्व प्राप्त गरेकोमा वडागत आन्तरिक आयको कारोबार बैङ्किङ प्रणाली मार्फत् सञ्चालन नगरेकोमा उक्त राजश्व सङ्कलन बैङ्किङ तथा सफ्टवेयर प्रणाली मार्फत् अभिलेख अद्यावधिक गराई कारोवार व्यवस्थित र पारदर्शी बनाउनु पर्दछ । | |
| १०.५ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क संकलन, अभिलेख र सो को ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । तर नगरपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सो को मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सो को संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यसतर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १०.६ | | | आर्थिक कार्यविधि एवं वित्तीय उतरदायित्व ऐन, २०७६ को परिच्छेद ४ को दफा २५ ले राजस्वको अभिलेख अद्यावधिक गरी सो को लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ। कार्यालयले यो वर्ष राजस्व आम्दानीको म.ले.प. फारम नं. १०८ नराखेको तथा दैनिक राजस्व असुलीको दैनिक टिपोट खाता सहित असूली र बैंङ्क दाखिलाको अभिलेख राखेको पाइएन। भवन टहरा, जग्गा, पोखरी आदिको वहाल रोयल्टी आदिको शुल्क होर्डिङ् बोर्ड पार्क लगायतको शुल्क र बोलपत्र लगायत कागजात बिक्रीबाट प्राप्त आय खातामा नचढाएको कारण यथार्थ आम्दानी यकीन गर्न सकिएन। कार्यालयले गोश्वारा भौचर उठाई श्रेस्ता तयार गर्नुपर्नेमा सो गरेको छैन्। यसले गर्दा नगरपालिकाले आम्दानी गरेको राजस्व सबै दाखिला भयो भने यकीन गर्न सकिने आधार देखिएन। साथै आम्दानी रकम सोहि दिन वा सो को भोलिपल्ट दाखिला गर्नुपर्नेमा मासिक/त्रैमासिक रुपमा समेत दाखिला गर्ने गरेको देखियो। तसर्थ, ऐनको व्यवस्था अनुसार आम्दानी रकम समयमै दाखिला गरि तोकिएको ढाँचा अनुरुप राजस्वको लेखा अद्यावधिक गर्नुपर्दछ। | |
| ११ | | | **पुजिगत खर्च** | |
| ११.१ | | | **कार्य स्वीकार प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएका निर्माण कार्यआपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको निम्न ब्यहोरा राखी प्रतिवेदन तयार गर्नु पर्ने ब्यवस्था छ।<br>१ . खरिद सम्झौता संख्या,<br>२. सम्पन्न भएको निर्माण कार्य,पाप्त भएको माल समान वा सेवाको बिवरण,<br>३.निर्माण कार्य सम्पन्न भएको वा माल समान वा सेवा पाप्त भएको मिति,<br>४. सम्पन्न निर्माण कार्य,पाप्त मालसमान,वा सेवा स्वीकृत भएको मिति<br>माथि उल्लेखित बमोजिमको ब्यहोरा प्रतिबेदन तयार भएपछि सार्वजनिक निकायले आवश्य प्रक्रिया पुरा गरि भुक्तानीको लागी आर्थिक प्रशासनमा लेखी पठाउनु पर्ने ब्यवस्था छ। यस कार्यालयदारा आर्थिक बर्ष २०७७।७८ मा संचालित वा बिगत आा.वा .बाट सर्दै आएका यस बर्ष सम्पन भई भुक्तानी भएका योजनाहरुको कार्यालयले कार्य स्वीकार प्रतिबेदन तयार गरेको देखिएन। कार्यालयेले अधिकाश् योजनाको नापी किताब र कार्य सम्पन्न प्रतिबेदन तयार गर्ने गरेको र उक्त प्रतिबेदनमा समेत कार्य शुरु भएको र सम्पन्न भएको मिति समेत उल्लेख नगरी प्राबिधिक र कार्यालय प्रमुखले सहि गरी रकम भुक्तानी गर्ने गरेको देखिन्छ। यसरी नियमावलीमा भएको ब्यवस्था पालना नगरी गरेका कार्य समयमा नै भएका हुन भन्न सकिने आधार देखिएन। अत नगरपालिका कार्यालयले नियमावलीमा भएको ब्यवस्था पालना गर्न तर्फ ध्यान दिनु पर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११.२ | | | **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च**– पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नु पर्दछ । यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु. २४००००।००भुक्तानी दिएको पाईयो ।<br><br>\| सि.न. \| पाउने संस्थाको नाम \| कार्य \| रकम \|<br>\| १ \| सिदसरोबर ब्रहम कुन्ज धार्मिक पर्यटक क्षेत्र समिति \| पराल खरिद \| २४००००।०० \| | |
| ११.३ | | | **पूर्वनिधारित क्षेतिपुर्ति :** सार्वजनिक खरिद नियमाली २०६४ को नियम १२१ मा आपुर्तिकर्ता ,परामर्शदाता ,सेवा प्रदायक वा निर्माण ब्यावसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको सो सम्झौतामा तोकीएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशत नबढने गरी प्रति दिन शुन्य दशमलव शुन्य पाँच प्रतिशत पुर्वनिधारित क्षतिपुति दिनु पर्ने ्ब्यवस्था छ । यस नगरपालिकामा आर्थिक बर्ष २०७५।७६ का ३ र २०७६।७७ का ८ वटा योजना नगरपालिका कार्यालयले हाल सम्म म्याद थप गर्दै आएको देखिन्छ । यसरी नगरपालिकाले सम्झौता गरेका योजनाहरु २०० प्रतिशत सम्म समय म्याद थप गर्दा पनि सम्पन्न भएको नदेखिएकोले कार्यालयले उक्त योजना हरुको कार्य समयमा सम्पन्न गराउन नियमावलीको ब्यवस्था पालना गर्नतर्फ ध्यान दिनु पर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११.४ | | | **सार्वजनिक सुनुवाई :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नु पर्ने व्यवस्था छ । यस कार्यालयदारा प्रदान गरिने सेवा सुबिधा र सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाईअनिवार्य गर्नु गराउनु पर्नेमा कार्यालयले आंशिक मात्रको गर्ने गरेको देखिन्छ । अत कार्यालयले कार्यान्वयनतर्फ ध्यान दिनु पर्दछ । | |
| ११.५ | | | **अधुरा आयोजना**– आर्थिक कार्यविधि तथा बित्तियउत्तरदायित्व नियमावली, २०६४ को नियम ३३ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्नेर यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवारव्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपरगर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसाररु ४०२०४९६० का ११ योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ । यस प्रकारकोदायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ । यसरी कानून विपरीत सम्झौता गरी बषौसम्मपनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन । | |

| योजनाको नाम | आर्थिक बर्ष | निर्माण कम्पनीको नाम | सम्झौता रकम | भुक्तानी रकम |
|---|---|---|---|---|
| बेदकोट कुकेट स्टुडियम नार्माण | २०७५।७६ | मासिन कन्स्टक्शन | २३४२७६३ | १७५४८०१ |
| बेदकोट न.पा कम्पाउण्ड वालको कार्य | २०७५।७६ | एम डि ग्रुप | १०११९६४३ | ८१९६००० |
| वडा न.१ वडा कार्यालय भवन | २०७५।७६ | एम डि ग्रुप | ६२८७०४० | ४७४५३५५ |
| स्वास्थ केन्द भवन निर्माण वडा न.१ | २०७६।७७ | सफल नि.से. | २५५४१५६ | १८८५५८० |
| स्वास्थ केन्द भवन निर्माण वडा न.२ | २०७६।७७ | जि.के.ग्रुप | २५५१६६५ | २५५१६६५ |
| स्वास्थ केन्द भवन निर्माण वडा न.४ | २०७६।७७ | अस्मिता बिल्ड्स | २४५१२५४ | १६१७२४७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | स्वास्थ केन्द भवन निर्माण वडा न.५ | २०७६।७७ | अस्मिता बिल्ड्स | २४५१२८३ | १४५५११४ | |
| | | | | स्वास्थ केन्द भवन निर्माण वडा न.६ | २०७६।७७ | जय दुर्गा महाकाली नि.से. | २६४०९३७ | ० | |
| | | | | स्वास्थ केन्द भवन निर्माण वडा न.८ | २०७६।७७ | अस्मिता बिल्ड्स | २४३३००९ | ७८९५३१ | |
| | | | | स्वास्थ केन्द भवन निर्माण वडा न.९ | २०७६।७७ | बेदकोट नि.से | २६११९२२ | २४००८८१ | |
| | | | | स्वास्थ केन्द भवन निर्माण वडा न.१० | २०७६।७७ | सफल नि.से. | ३८६१२८८ | ३१९७४८५ | |
| | | | | जम्मा | | | ४०२०४९६० | २८५९३६५९ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१२</td><td></td><td></td><td>
पेश्की<br>
पेश्की बाकी: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की लिने व्यक्ति वा संस्थाले काम सम्पन्न भएको मितिले १५ दिन भित्र खर्च प्रमाणित गर्न आवश्यक विल, भर्पाइ र कागजातसहितको प्रतिवेदन कार्यालयमा पेश गर्ने र कार्यालयले प्राप्त भएको सात दिनभित्र पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार कामको लागि पेश्कि दिइएकोमा आर्थिक वर्षको अन्त्य सम्म पेश्की फछ्र्यौट हुन नसकी पेश्की बाकीको विवरण कायम गरेको छ ।
<table>
<tr><th>पेश्की लिनेको नाम</th><th>प्रयोजन</th><th>म्याद नाघेको पेश्की रकम</th><th>म्याद ननाघेको पेश्की रकम</th></tr>
<tr><td>राजेन्द्र निर्माण सेवा प्रा.ली.</td><td>कार्यालय भवन निर्माण</td><td>८५०००००.०</td><td></td></tr>
<tr><td>सुमन कन्ष्ट्रक्सन</td><td>मेस वायर</td><td>१३००००.०</td><td></td></tr>
<tr><td>अस्मीता विल्डर्स एण्ड कन्ट्याक्टर्स प्रा.ली.</td><td>आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण वडा नं. ५</td><td>१२५९३९.०</td><td></td></tr>
<tr><td>अस्मीता विल्डर्स एण्ड कन्ट्याक्टर्स प्रा.ली.</td><td>आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण वडा नं. ८</td><td>२६०२६०.०</td><td></td></tr>
<tr><td>अस्मीता विल्डर्स एण्ड कन्ट्याक्टर्स प्रा.ली.</td><td>आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण वडा नं. ४</td><td>७६०७९.०</td><td></td></tr>
<tr><td>जयदुर्गे महाकाली निर्माण सेवा प्रा.ली.</td><td>आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण वडा नं. ६</td><td>४५००००.०</td><td></td></tr>
<tr><td>शुभम् डेभलपर्स एण्ड कन्ट्याक्टर्स प्रा.ली.</td><td>कभर्ड हलको पार्केटिङ्ग</td><td></td><td>५२५३००.०</td></tr>
<tr><td>के.के. विल्डर्स एण्ड कन्ट्याक्टर्स</td><td>आइसोलेशन भवन निर्माण</td><td></td><td>८५००००.०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>९५४२२७८.०</td><td>१३७५३००.०</td></tr>
</table>
</td><td>९,५४२,२७८</td></tr>
<tr><td>१३</td><td></td><td></td><td>बजेट तथा कार्यक्रम</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३.१ | | | **बजेट पेश, पारित र अख्तियारीः** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्री सुशिला सिंह ले मिति २०७७।३।१० गते रु.७२ करोड ४० लाखको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७७।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।४।५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| १३.२ | | | **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु. १ करोड २८ लाख ४५ हजार, राजस्व बाँडफाँड र अनुदानबाट रु. ५९ करोड ३६ लाख ७१ हजार र अन्तरसरकारी अख्तियारीबाट रु.१५ करोड २१ लाख ७ हजार समेत रु. ७५करोड ८६ लाख २३ हजार आम्दानी भएकोमा चालु तर्फ रु.३१ करोड १२ लाख ५ हजार, पूँजिगत तर्फ रु.१७ करोड ३ लाख ९१ हजार, धरौटी र कोष फिर्ता वापत रु.१ करोड ९६ लाख ५५ हजार र अन्तर सरकारी अख्तियारी वापत रु.१५ करोड २१ लाख ७ समेत रु.७० करोड ७१ लाख ४१ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.८२ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. १ करोड ९३ लाख २७ हजार खर्च भएको छ जुन आन्तरिक आयको १५०.४६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४४ प्रतिशत चालु, २४.१ प्रतिशत पूँजिगत निर्माण र ३१.९ प्रतिशत अन्य खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ । | |
| १३.३ | | | **बजेट तथा कार्यक्रम तर्जुमा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३.४ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्नेमा पालिकाले समिति नै गठन गरेको छैन । ऐनमा व्यवस्था भए अनुसार बजेट सीमालगाएत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा तथा सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| १३.५ | | | **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| १३.६ | | | **रकमान्तरः**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २० बमोजिम कुनै एक अनुदान संकेत अन्तर्गतको बजेट उपशिर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएको कुनै एक वा एकभन्दा बढी अनुदान संकेत अन्तर्गतको उपशिर्षकमा बचत हुने रकम मध्येबाट विनियोजन ऐनमा तोकिएको सीमाभित्र रही रकमान्तर गर्न सकिने व्यवस्था रहेको छ। पालिकाले रकमान्तर सम्बन्धी सीमा नै निर्धारण नगरि आठौँ नगरसभाको निर्णय बमोजिम विभिन्न शिर्षकमा कुल रु ३ करोड १६ लाख ७१ हजार अर्थात् कुल बजेटको ४.३७ प्रतिशत रकमान्तर गरी खर्च गरेको छ । यसरी रकमान्तर गर्न पाउने सीमा नै निर्धारण नभएको अवस्थामा कार्यक्रम संसोधन तथा रकमान्तरण गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३.७ | | | **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । रु हजारमा | |

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | 74692 | 39434 | 8.19 |
| २ | पूर्वाधार विकास | 130171 | 64469 | 13.39 |
| ३ | सामाजिक विकास | 364065 | 251931 | 52.31 |
| ४ | बातावरण तथा विकास | 0 | 0 | 0 |
| ५ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | 46411 | 30382 | 6.30 |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | 134582 | 95379 | 19.81 |
| जम्मा | | 749921 | 481595 | 100 |

उपरोक्त विवरण अनुसार आर्थिक वर्ष २०७७।७८ को कूल खर्च मध्ये सबैभन्दा बढी सामाजिक विकासमा ५२।३१ प्रतिशत र सबै भन्दा घटी बातावरण तथा विकासमा ० प्रतिशत प्रतिशत खर्च भएको छ । मध्यमकालिन खर्च संरचना तयार गरी दिगो विकासका स्थानीय लक्ष्य, गन्तव्य र सूचकहरु निर्धारण गरी सोही आधारमा बजेट सांकेतिकरण गरी स्थानीय आवधिक योजनाका नीति कार्यनव्यन हुने गरी बजेट व्यवस्थापन गर्नु पर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३.८ | | | **क. चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । रु हजारमा | |

| क्र.स | बजेट उपशिर्षक | कुल खर्च | चौमासिकखर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रोचौमासिक | तेश्रोचौमासिक | आषाढमहिना |
| १ | चालु खर्चतर्फ | 311205 | 86010 | 74931 | 150264 | 60006 |
| २ | पूँजिगत खर्चतर्फ | 170392 | 24483 | 37299 | 108610 | 84227 |
| ३ | जम्मा | 481597 | 110493 | 112230 | 258874 | 144233 |
| | प्रतिशत | 100 | 22.94 | 23.30 | 53.75 | 29.94 |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.४८ करोड १५ लाख ९७ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु.११ करोड ४ लाख ९३ हजार अर्थात २२.९४ प्रतिशत, दोश्रो चौमासिकमा रु११ करोड २२ लाख ३० हजार, अर्थात २३.३० प्रतिशत र तेश्रो चौमासिकमा रु.२५ करोड ८८ लाख ७४ हजार, अर्थात ५३.७५ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.१४ करोड ४२ लाख ३३ हजार अर्थात २९.२९ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

**ख. लक्ष्य प्रगति** : कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ । रु हजारमा

| **कार्यक्रम/योजना** | **कुल कार्यक्रम** | **वार्षिक प्रगति स्थिती** | | | |
|---|---|---|---|---|---|
| | | **शून्य प्रगती** | **२५%सम्म प्रगति** | **५०% सम्म प्रगति** | **७५% सम्म प्रगति** |
| **कार्यक्रम संख्या** | 182 | 7 | 10 | 12 | 124 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **रकम** 13071 3500 25520 41535 59615.96 | |
| १४ | | | **शिक्षा तर्फ** | |
| १४.१ | | | **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २२ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । | |

| s.n. | **Name** | दरबन्दी | पदपुर्ती | पदपपुर्तीमध्य करार | बालविकास सहजकर्ता | विद्यार्थीसंख्या |
|---|---|---|---|---|---|---|
| 1 | Sharda Secondary school | १७ | १७ | २ | 4 | 817 |
| 2 | Baijanath Secondary School Bedkot-2 Jadepani | २५ | २५ | १६ | 2 | 1432 |
| 3 | Bal Jyoti secondary school bedkot-4,Baitada | ११ | ११ | ९ | 4 | 395 |
| 4 | Siddha Baijanath Secondary School Bagunn | १० | १० | ६ | 1 | 385 |
| 5 | Ratna Secondary School Bedkot-10,Chatahari | ११ | ११ | ४ | 4 | 641 |
| 6 | Siddhanath Basic School Basanthala | ८ | ८ | १ | 2 | 326 |
| 7 | Shree Siddhanath Basic School Hattithala | ४ | ४ | ० | 1 | 142 |
| 8 | Shanti Niketan Pra V Bedkot-3,Shantipur. | ४ | ४ | १ | 3 | 98 |
| 9 | Saraswati Secondary School Dharampur | १० | १० | ५ | 3 | 583 |
| 10 | Ganesh Basic School Bedkot-1,Pipalthala | | | | 1 | 265 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ७ | ७ | ५ | | | |
| | | | 11 | Saraswati Basic School Bedkot-2,Chandaniphata | ७ | ७ | ५ | 3 | 304 | |
| | | | 12 | Ghatal Basic School Bedkot-5, Polkhari | ८ | ८ | ३ | 3 | 276 | |
| | | | 13 | Mukti Basic School Bedkot-5,Dharampur | ५ | ५ | ० | 1 | 319 | |
| | | | 14 | Ghatal secondary school Bedkot-7 Suda | १७ | १७ | २ | 4 | 518 | |
| | | | 15 | Baijanath secondary Gailnadi | १३ | १३ | २ | 4 | 281 | |
| | | | 16 | Bhuwaneswari Secondary School Sisaiya | २० | २० | ६ | 2 | 923 | |
| | | | 17 | Udaydev Secondary School Bedkot-9.Sundarpur | १५ | १५ | ७ | 5 | 814 | |
| | | | 18 | Nawadurga Basic School,Bedkot-10,Nayagaun | ८ | ८ | ३ | 4 | 221 | |
| | | | 19 | Janata secondary school Bedkot-7,Gauji | ८ | ८ | ४ | 3 | 287 | |
| | | | 20 | Siddhanath Secondary School Bedkot-6,Musepani | ८ | ८ | ४ | 2 | 300 | |
| | | | 21 | Prem Singh Dhami Smriti Basic school, Gauji | ८ | ८ | ३ | 2 | 119 | |
| | | | 22 | Pashupati Basic School Basantapur | ७ | ७ | २ | 3 | 184 | |
| | | | | Total | २३१ | २३१ | ९० | 61 | 9630 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४.२ | | | **सार्वजनिक विद्यालय शैक्षिक गुणस्तरः** पालिका अन्तर्गत सञ्चालित माध्यमिक तह सम्मको विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्य नगरपालिकाको कार्यक्षेत्र अन्तर्गत पर्दछ सोही अनुसार पालिकाले विद्यालय शैक्षिक गुणस्तर मापनको मापदण्ड तयार गरी कार्यान्वयन गर्नुपर्नेमा सो गरेको छैन । अत शैक्षिक गुणस्तरको मापन मापदण्ड तयार गरी कार्यान्वयन गर्ने र सोही अनुसार विद्यालयको अनुगमन मुल्यांकन गरी प्रतिवेदन पेश गर्नुपर्दछ । | |
| १४.३ | | | **निजि विद्यालय अनुगमन मापदण्डः** पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन, मापदण्ड बमोजिम अनुगमन गरेको छैन, निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छैन, शुल्क निर्धारण र त्यसको कार्यान्वयनको अनुगमन गरेको छैन, अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन । | |
| १४.४ | | | **विद्यालयको अनुगमन नियमन व्यवस्थाः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार माध्यमिक तह सम्मका बिद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्यांकन तथा निमयन सम्बन्धि कार्य सम्वन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन समबन्धी मापदण्ड तय गरेको छैन । जसबाट विद्यालय अनुगमन कार्य साथै शिक्षण शिकाइ कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलायई प्रभावकारी रुपमा सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| १४.५ | | | **निःशुल्क पाठ्यपुस्त अनुदानः** शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकाशित गरिएको कार्यक्रम कार्यान्वयन निर्देशिका २०७७।७८ को सि.नं. ३.१ अनुसार एकीन संख्याका आधारमा दोस्रो चौमासिक भित्र विद्यालयहरुलाई अनुदान दिनु पर्दछ । यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र त्यसपछी २०७८ वैशाखबाट सुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण**,** पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा संख्या एकीन गरी नपुग हुने रकम मात्र थप अनुदान दिने व्यवस्था गर्ने उल्लेख छ । कार्यालयले निर्देशिका विपरित विद्यालयको मागको आधारमा एकमुष्ट रु.३३३४०१८।– विद्यालयलाई अनुदान उपलब्ध गराएको छ । विद्यार्थीको प्रमाणीत कागजातका आधारमा नपुग रकम एकिन नगरी एकमुष्ट रकम निकासा पठाएकोले निर्देशिका विपरीत पठाएको पाठ्यपुस्तकको रकम वरावर विद्यार्थिले पाठ्यपुस्तक पाएको एकिन हुन सकिदैन । अत निर्देशिका बमोजिम सुरुमा ७५ प्रतिशत तथा **EMIS** विवरणको अधारमा काजगता प्रमाणित गरि थप २५ प्रतिशत रकम निकासा गर्नुपर्दछ । | |
| १५ | | | **वित्तीय विवरण** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **बैक हिसाब मिलान नगरेकोः** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । पालिकाको यस वर्षको बैंक हिसाब मिलान विवरण देहायबमोजिम रहेको छः | |

| सि.नं. | कोष/खाता | श्रेस्ताअनुसार अन्तिम मौज्दात | वैक अनुसार अन्तिम मौज्दात | फरक | कैफियत |
|---|---|---|---|---|---|
| १ | ग १.१ -आन्तरिक राजस्व खाता | ० | ३१,३०,१२० | -३१३०१२० | संचित कोष ट्रान्स्फर |
| २ | ग १.२ -बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | १५,५१,३२८.७४ | -१५५१३२९ | संचित कोष ट्रान्स्फर |
| ३ | ग १.३ -आन्तरिक अनुदान खाता | ० | ० | ० | |
| ४ | ग २.२ -चालू खर्च खाता- जोर वर्ष | ० | ८८,८६८ | -८८८६८ | साट्न बाँकी चेक विवरण |
| ५ | ग २.४ -पुँजीगत खर्च खाता- जोर वर्ष | ० | २०,६६,७६३ | -२०६६७६३ | साट्न बाँकी चेक र संचित कोषमा ट्रान्सफर । |
| ६ | ग २.७ -विविध खर्च खाता | ० | ० | ० | |
| ७ | ग ३.१ -स्थानीय तह धरौटी खाता | १,४२,४०,०९९.५३ | १,४०,९८,००२.५३ | १४२०९७ | प्रकोप व्यवस्थापन कोषमा जम्मा हुन गएको रकम यसमा फीर्ता |
| ८ | ग ४.१ -स्थानीय तह सञ्चित कोष खाता | २०,४९,००,०९०.९० | २०,००,८६,८७४.१६ | ४८१३२१७ | विभिन्न खाताबाट ट्रान्फर हुन बाँकी |
| ९ | ग ५.१ -स्थानीय तह विविध कोष | ९८,३१,८२३.८५ | ९८,२४,८२३.८५ | ७००० | संचित कोष ट्रान्स्फर |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | खाता | | | | | |
| | | | १० | ग ६.१ -स्थानीय तह विभाज्य कोष खाता | ० | ५६,८६,४४० | -५६८६४४० | प्रदेश ट्रान्सफर | |
| | | | ११ | ग ७.२ -स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ६२,१८,५४७ | ६३,६९,४२३ | -१५०८७६ | धरौटी खातामा ट्रान्सफर र साट्न बाँकी चेक | |
| | | | कुलजम्मा | | २३,५१,९०,५६१.२८ | २४,२९,०२,६४३.२८ | -७७१२०८२ | | |
| १६ | | | **कोष तथा सम्पत्ति व्यवस्थापन** | | | | | | |
| १६.१ | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०६ (१) तथा १११ (१,२,३,४,५, ६ र ७) बमोजिम कार्यालयले पेश गरेको जिन्सी निरीक्षण प्रतिवेदन अनुसार प्रयोगमा नरहेको, मर्मत तथा लिलाम गर्नुपर्ने बिभिन्न मालसामान तथा सामाग्रीहरुलाई १ महिनाभित्र लिलाम प्रकृया शुरु गर्नुपर्ने तथा मिनाहा दिनुपर्ने बिभिन्न सामाग्रीहरुलाई समिति बनाई मिनाहा दिनु पर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको जिन्सी प्रतिवेदन अनुसार प्रयोगमा नरहेका १४ किसिमका ४३ वटा सामान मर्मत गरेमा सञ्चालनमा ल्याउन सकिने, २० किसिमका १३५ सामाग्रीहरु जस्तै साइकल, पङ्खा लगायतका सामान मर्मत हुन नसक्ने भई लिलाम गर्नुपर्ने, बिभिन्न भवन रङ्गरोगन तथा मर्मत गर्नुपर्ने र कार्यालय भवनको जग्गा प्रमाणपूर्जा प्राप्त गर्नुपर्ने भनि सिफारिस गरेको छ । प्रतिवेदनमा उल्लिखित सिफारिस बमोजिम अन्य प्रकृया अपनाई मालसामान तथा सामाग्रीहरुको मर्मत र लिलाम गरेको पाइएन । उल्लिखित सामानहरुलाई कार्यालयले नियमावलीमा भएको व्यवस्था बमोजिम मर्मत तथा लिलाम गरी कार्यालयको जिन्सी अद्यावधिक गर्नु पर्दछ । | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । अर्थ मन्त्रालयको मिति २०७३।१२।२५ को निर्णय अनुसार आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिकाको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्नेमा विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख एकिन गरी अद्यावधिक नगरेकोले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| १६.३ | | | आर्थिक कार्यविधि एवं वित्तिय उतरदायित्व ऐन, २०७६ को परिच्छेद ४ को दफा २६ (१) ले कोषको अभिलेख अद्यावधिक गरी सो को विवरण राख्ने जिम्मेवारी कार्यालय प्रमुखको हुनेछ । पालिका अन्तर्गतका रहेका कर्मचारी कल्याण कोष, विविध कोष, संचित कोष, मर्मत सम्भार कोष, महिला तथा बाल विकास कोष, कार्य सन्चालन कोष, प्रकोप व्यवस्थापन कोष र गरिवी निवारण र सामाजिक परिचालन कोष गरी गरी ७ वटा कोषहरुको विवरण अद्यावधिक छ । कोषको आय प्राप्तिको उपयोग् गरेको छैन् । | |
| १६.४ | | | स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले आफ्नो क्षेत्र भित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन । सार्वजनिक पर्ति ऐलानि जग्गा तथा सम्पत्तिको अतिक्रमण भए नभएको अनुगमन गरेको छैन् । संरक्षण उपयोग नीति र मापदण्ड पालना भएको छैन् । नगरपालिकाले आफ्नो क्षेत्र भित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु पर्दछ । | |
| १७ | | | **शसर्त स्वास्थ्य तर्फ** | |
| १७.१ | | | **तलबी प्रतिवेदन पारित नभएको:** यस आव मा स्वास्थ्य कर्मचारी तलबमा ९६ लाख रुपैया खर्च लेखेकोमा स्वास्थ्य तर्फका कर्मचारीको गत विगत वर्ष देखि नै तलबी प्रतिवेदन पारित नगरी तलब भत्ता भुक्तानी भएको हुँदा तलब भुक्तानी भएका कर्मचारीको वास्तविक ग्रेड रकम एकिन गर्न सकिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १७.२ | | | **दरबन्दी भन्दा बढी कर्मचारीः** गाउँपालिकाले स्वास्थ्य तर्फको रकममा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट स्वीकृत दरवन्दी तेरिज अनुसारका कर्मचारीको तलबी प्रतिवेदन पारित गरी सोही अनुसार मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ । स्वीकृत दरबन्दी तेरिज तराइका जिल्लाका स्वास्थ्य चौकीमा १ जना छैटौ तहको कर्मचारी २ जना पाचौँ तहको कर्मचारी र २ जना चौथो तहको कर्मचारी गरी ५ जनाको दरले १० जनामात्र कार्यरत रहनुपर्नेमा ७ जना छैठौ २ जना पाँचौ ५ जना चौथो गरी १४ जना कर्मचारीलाई काममा लगाइ तलब भत्ता भुक्तानी गरेको पाइयो । यसबाट पालिकाको स्वीकृत दरबन्दी भन्दा ५ जना छैटौ तहको १ जना चौथो तहको कर्मचारी बढी कार्यरत देखिन्छ । २ जना पाँचौ तहको कर्मचारी रिक्त रहेकोमा छैटौ तहको कर्मचारीबाट सेवा लिदा लिएको र १ जना (छैटौ तहको) पालिकामा कार्यरत रहेको अवस्थामा पनि ३ जना कर्मचारी दरबन्दी भन्दा बढी रहेको छ । जसबाट पालिकालाई मासिक रु१०६१८०। का दरले बार्षिक रु१४१०३४०। बढी व्यायभार परेको रकम अनियमित देखिएको रु | १,४१०,३४० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७.३ | | | **करकट्टी नभएको:** आयकर ऐन, २०५८ को दफा ८७ अनुसार कुनै कर्मचारी वा कामदारले आयको गणना गर्दा समावेश गरिने नेपालमा स्रोत भएको कुनै रकम भुक्तानी गर्दा अनुसुची १ बमोजिमको दरले कर कट्टी गरिनु पर्ने व्यवस्था छ । पालिकाले देहायका कर्मचारीको ऐनले निर्धारण गरेको दरमा कर कट्टी नगरेकोले पारिश्रमिक कर असूल गरी दाखिला गर्नुपर्ने रु | ५०,४४० |

| **क्रम** | **कर्मचारीको/फर्म/संगठन नाम** | **असुली रकम** |
|---|---|---|
| १७.३.१ | हरिसा पाल | १३,६६० |
| १७.३.२ | सिद्धराज भट्ट | ६,३६८ |
| १७.३.३ | दिपक राज बोहरा | ५,०८० |
| १७.३.४ | शान्ता पाल | ४,६७२ |
| १७.३.५ | कृष्ण बहादुर पाल | २,०९२ |
| १७.३.६ | पदम राज गिरी | २,०९२ |
| १७.३.७ | लक्ष्मी कुमारी ऐर | २,०९२ |
| १७.३.८ | विश्वेश्वर प्रसाद भट्ट | २,५१२ |
| १७.३.९ | भावना भण्डारी | ११,८७२ |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७.४ | | | **औषधि खरीदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । गाउँपालिकाले कोटेशन माग गरी त्यसैको आधारमा औषधि आपूर्तकसंग सम्झौता नै नगरी साहारा मेडिसिन डिष्ट्रिव्यूतर्सबाट रु.२९८०८०। भौ नं ५५ मिति २०७७।११।११ मा डि वि मेडिसिन सेन्टरबाट रु.३०००१५। बराबरको औषधि तथा औषधिजन्य सामाग्री सोझै खरीद गरेको छ ।<br>औषधि खरिद सम्बन्धमा राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भएको औषधिको मुल्य अनुसारको औषधि खरिद कार्य नगरेको , आपूर्ति हुने औषिध WHO Certified हुनुपर्ने औषधिको उत्पादन मिति व्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञवाट मुचुल्का उठाइ राख्ने नगरेको तथा उक्त औषधि विक्रिको लागि होइन खुलाएको प्रमाण समावेश नभएको, आपूर्ति भएका औषधि एवं सर्जिक सामान स्टोर दाखिला हुनु अघि स्पेशिफिकेशन अनुसार भए नभएको नखुलाइकए कारण तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकीन गर्न सकिदैन । तसर्थ औषधिको खरिद, आपूर्ति दाखिाल तथा खर्चको विवरण अध्यावधिक हुने गरी अभिलेख राख्ने, तथा आर्थिक वर्षको अन्त्ययमा बाँकी रहेको औषधिहरु जिम्मेवारी सारेर जिन्सी अभिलेख व्यवस्थित गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| १८ | | | **सशर्त कृषि तर्फ**<br>**व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमः-** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल को वुंदा नं. ४.१.४ अनुसार कृषि पकेट सञ्चालन गर्ने आधार उल्लेख गरेको जसको लागि आवश्यक मापदण्ड निर्धारण भएको तथा वुँदा नं. ४.१.१३ मा पकेट कार्यक्रम सञ्चालन गर्ने स्थानीय तहले पटेकको प्रोफाइल तयार तथा अध्यावधिक गरि जिल्ला स्थित परियोजना कार्यान्वयन इकाइमा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष निर्देशिकाले तोकेको मापदण्ड अनुसार कृषक समुह योग्य भए नभएको मुल्यांकन नगरी विगत वर्षदेखि सञ्चालित पकेट योजनालाई निरन्तरता स्वरुप ३ वटा कृषक समुहलाई रु.१/१ लाखको दरले रु.३ लाख, नयाँ कृषक समूहहरु ४ वटालाई ३/३ लाखको दरले १२ लाख र एक कृषक समूहलाई ५ लाख अनुदान उलब्ध गराएको छ । अनुदान रकम पकेट निर्माण हुने गरी कुनै विशिष्टिकृत वालि/वस्तु उत्पादनमा खर्च नगरी सबै प्रकारका विउ विजन गरी गरी कृषकलाई वितरण गरेर खर्च गरेको छ । जसबाट निर्देशिकाले निर्देश गरे बमोजिमको कृषि पकेट क्षेत्र निर्माण हुन सक्ने कुरामा एकिन हुन सकिदैन । अत निर्देशिकाले तोकेको मापदण्ड पुरा गरेका कृषकलाई मात्र पकेट कार्यक्रममा सहभागि गराउने तथा समय समयमा अनुगमन गरी प्रगति प्रतिवेदन पेश गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| १९ | | | **शसर्त शिक्षा पूँजीगत** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९.१ | | | **नमुना विद्यालय गुरु योजना अनुरुप भौतिक निर्माण अनुदानः** आर्थिक वर्ष २०७७।७८ को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत मिति २०७७।०४।१४ मा स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को बुदा न ८.६ मा नमुना विद्यालय सुधार गुरुयोजना अन्तर्गत अनुसुचि ११ मा उल्लिखित विद्यालयहरुको लागि सम्बन्धित स्थानीय तहमा रू १ करोड पठाइएको र सो रकम सम्बन्धित विद्यालयलाई उपलब्ध गराउदा हालसम्मको कार्य प्रगति तथा सम्पादन हुने कार्यक्रमको लागत अनुमान सहित अनुदान माग गर्न लगाई उपलब्ध गराउने व्यवस्था छ ।अनुदान उपलब्ध गराउदा बिद्यालय र स्थानीय तहबीच सम्झौता गरी पहिलो पटक ५० प्रतिशत र बाँकी रकम कार्य प्रगतिको आधारमा उपलव्ध गराउने ब्यवस्था छ । तर यो व्यवस्था भन्दा फरक गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं.१३३ मिति २०७८।३।१५ को पत्रले स्थानीय तहलाई नमुना बिद्यालयको उक्त सम्पूर्ण अनुदान रकम सम्बन्धित विद्यालयको खातामा निकासा गरी लेखापरीक्षण समेत विद्यालयबाटै हुने निर्देशन भएको छ । सोही अनुरुप उपर्युक्त कार्यक्रम पुस्तिकाको व्यवस्था अनुरुप कार्य प्रगतिको आधारमा निकासा नभई पुरै रकम रू. १ करोड ५० लाख यस **पालिका अन्तर्गतको बैजनाथ माध्यामिक बिद्यालय जडेपानी**लाई निकासा गरिएको छ । जसमध्ये जम्मा रु.६२०६०००।- को विद्यालय घेरावार (कम्पाउन्ड वाल निर्माण) को मात्र विल भर्पाइ प्रमाण कागजात पेश भएको छ । बाँकी रकम लेखापरीक्षण छलफलको समयमा विद्यालय भवन निर्माण ठेक्का सम्झौता भएको उल्लेख भएकोले ठेक्का प्रक्रिया, लागत अनुमान, नापी किताब कार्यसम्पन्न प्रतिवेदन लगाएतका प्रमाण कागजात पेश गर्नुपर्ने रु. | ८,७९४,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९.२ | | | **विद्यालय भौतिक निर्माण अनुदानः-** आर्थिक वर्ष २०७७।७८ को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत मिति २०७७।०४।१४ मा स्वीकृत कार्यक्रम कार्यान्वियन पुस्तिका २०७७।७८ को बुदा न ८.६ मा भौतिक निर्माण सम्बन्धि कार्य सञ्चालन गर्दा भौतिक निर्माणको लागत अनुमान तयार गर्ने, विद्यालयसँग सम्झौता गर्ने, सोही वुँदा अनुसार तोकीए अनुसार किस्तामा रकम निकासा गर्ने तथा निर्माण सम्बन्धि सर्वेक्षण फाराम, लागत अनुमान, सम्झौता, मूल्याङ्कन प्रतिवेदन, नापि किताव तथा कार्यसम्पन्न प्रतिवेदन प्रमाणित गराइ स्थानीय तह र विद्यालयमा राख्नुपर्ने साथै भौतिक निर्माणको अन्तिम किस्ता भुक्तानी गर्दा नापी किताव भरेर मात्र दिनुपर्ने व्यवस्था छ । पालिकाले देहायबमोजिमको विद्यालयमा अनुदान उपलब्ध गराउदा प्राविधिकको नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदनमा उल्लेख भएको भन्दा बढी भुक्तानी गरेकोले बढी भुक्तानी रकम रु.६०७०५९.० असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु | ६०७,०५९ |

| क्र.सं. | विद्यालयको नाम | कार्यक्रम | भुक्तानी रकम | कार्यसम्पन्न रकम | बढी रकम |
|---|---|---|---|---|---|
| १ | रत्न माध्यमिक विद्यालय | ४ कोठे भवन निर्माण | ३६०००००.० | ३४२८७२०.० | १७१२८०.० |
| २ | जनता माध्यमिक विद्यालय | विद्यालय प्रवलिकरण | १५०००००.० | १०६४२२१.० | ४३५७७९.० |
| | | जम्मा | ५१०००००.० | ४४९२९४१.० | ६०७०५९.० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २० | | | **शिक्षा छात्रवृत्ती** | |
| २०.१ | | | **छात्रावृत्ती बढी निकासाः**-कार्यक्रम कार्यान्वयन निर्देशिका २०७७।७८ को सि.नं.४.२अनुसार **EMIS** प्रवृष्टि भएका विद्यार्थी संख्याको आधारमा कक्षा १ देखि कक्षा ८ सम्मका छात्रा र दलित छात्रलाई रु.४०० का दरले छात्रावृत्ती उपलब्ध गराउने उल्लेख छ । नगरपालिकाले बैज्यनाथ मा.वि. जडेपानीलाई **EMIS** मा प्रविष्ट भएका विद्यार्थी संख्याका आधारमा रु.१७९६००.० भुक्तानी दिनु पर्नेमा रु.१८८४००.० भुक्तानी दिएकोले वढी भुक्तानी रकम रु.८८००.० सम्बन्धित विद्यालयबाट असुल गरी दाखिला गर्नुपर्ने रु. | ८,८०० |
| २०.२ | | | | |
| २१ | | | **शसर्त शिक्षा विविध कार्यक्रम** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| २१.१ | | | **अङ्ग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदानः**- शिक्षण सिकाइ व्यवस्थापन कार्यविधि, २०७७ अनुसार पालिकाले प्राप्त बजेटबाट बढिमा १२ महिनासम्म पारिश्रमिक उपलब्ध गराउने उल्लेख छ । त्यस्तै शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं. १७३ मिति २०७७।१०।११ को पत्र अनुसार शिक्षकण शिकाइ व्यवस्थापन कार्यविधि बमोजिम कुनै पनि दरवन्दी नभएको माध्यमिक विद्यालयमा २ शिक्षक व्यवस्थापन गर्न र एउटा मात्र दरबन्दी भएको विद्यालयलाई १ शिक्षक व्यवस्थापन गर्न प्रति शिक्षक ६ महिनाको रू.२ लाख १६ हजारका दरले अनुदान निकासा दिने उल्लेख छ । परिपत्र अनुसार पालिकाले सिद्ध वैज्यनाथ माध्यमिक विद्यालय र सरस्वती माध्यमिक विद्यालयमा १।१ जना दरबन्दी रहेकोमा ६ महिनाको रु.२लाख १६ हजारको दरले रु. ४ लाख ३२ हजार भुक्तानी दिनुपर्नेमा १२ महिना (निर्देशिका अनुसार)को लागि रु. ८ लाख ६४ हजार भुक्तानी दिएको छ । | |
| २१.२ | | | **कार्यसम्पादन करार नगरी अनुदान निकासाः** शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी गरीएको कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७६।७७ को सि.नं. ९.११ अनुसार नमुना विद्यालयमा कार्यसम्पादन करारका आधारमा प्र.अ. र शिक्षकको लागि विद्यालयमार्फत प्रोत्साहन अनुदान कार्यक्रमको लागि स्थानिय तहले प्रधानाध्यापनसंग कार्यसम्पादन करार गरि अनुदान उपलब्ध गराउने र प्र अ ले विद्यालयका माध्यमिक तहका कम्तिमा ३ शिक्षक कार्यसम्पादन करार गरि सोको प्रगति नियमित रुपमा स्थानीय तह र केन्द्रमा पठाउने व्यवस्था छ । नगरपालिको कार्यसम्पादन करार नै नगरी सोझै विद्यालयको खातामा रकम निकासा गरेको छ र सो सम्बन्धमा अनुगमन पनि गरेको छै । साथै विद्यालयले पनि प्रगति प्रतिवेदन पशे गरेको छैन । जसबाट सम्बन्धित विद्यालयका शिक्षकको कार्यसम्पादन स्तरमा सुधार भएकोमा एकिन हुन सकिदैन । अत निर्देशिकाले तोके विपरित भएको अनुदान निकासा रकम अनियमित देखिएको रु | २००,००० |
| २१.३ | | | **विद्यालयको लेखापरीक्षण र विद्यालय सुधार योजनाः**- आर्थिक वर्ष २०७७।७८ को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत मिति २०७७।०४। १४ मा स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिकाको बुँदा नं. ५.३ र ५.४ अनुसार हरेक वर्ष विद्यालयले अध्यावधिक रुपमा विद्यालय सुधार योजना तयार गरी लागु गर्ने तथा विद्यालयको खर्च यथार्थ देखिने गरी सामाजिक परिक्षण तथा आन्तरिक लेखा परीक्षण गराउनु पर्ने व्यवस्था छ । जस अनुसार तोकीए बमोजिमको रकम कार्यालयले भौ.नं.८३ मिति २०७८।१।२ गते सबै विद्यालयमा गरी रु.८३९०००.० निकासा गरेको छ । तर विद्यालयमा विद्यालय सुधार योजना निर्माण भएको तथा विद्यालय लेखापरीक्षण गरेको विवरण कार्यालयमा उपलब्ध भएको छैन । जसबाट विद्यालयले प्राप्त रकम सम्बन्धित कार्यमा खर्च गरेको नगरेको तथा कार्यालयमा विद्यालयले गरेको लेखापरीक्षण विवरण र प्रतिवेदन उपलब्ध नहुँदा विद्यालयको खर्चमा मितव्यायिता भएको र अनियमितता भएकोमा एकिन हुन सकिदैन । अत तोकिएबमोजिम विद्यालय सुधार योजना तथा विद्यालयगत लेखापरीक्षण भएको सुनिश्चित गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२२</td><td></td><td></td><td>शसर्त शिक्षा पारिश्रमिक</td><td></td></tr>
<tr><td>२२.१</td><td></td><td></td><td>शिक्षकको बढी ग्रेड निकासाः शिक्षा नियमावली२०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासादिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपरगरिने उल्लेख छ । गाउँपालिकाले देहायका शिक्षकको तलब भत्ताभुक्तानी गर्दा शिक्षक किताबखानाबाट पारित तलबी प्रतिवदेनका आधारमा तलब भत्ताभुक्तानी गर्नुपर्नेमा देहायबमोजिम शिक्षकको ग्रेड बापतको रकम रु.२४६९४० बढि भुक्तानी गरेकोले बढी ग्रेड रकम असुल गरी दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>विद्यालयको नाम</th><th>शिक्षकको नाम</th><th>हुनुपर्ने ग्रेड</th><th>भएको ग्रेड</th><th>दर</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>घटाल मा. वि. सुडा</td><td>प्रा. वि. द्वि. श्री पद्मा श्रेष्ठ</td><td>६</td><td>७</td><td>९४०</td><td>८४६०</td><td>२ चौमासिक</td></tr>
<tr><td>वैज्यनाथ मा. वि. जडेपानी</td><td>पा. वि. प्र. श्री रग व पातली</td><td>६</td><td>७</td><td>१२००</td><td>१०८००</td><td>२ चौमासिक</td></tr>
<tr><td>रत्न मा. वि. चतहरी</td><td>प्रा. वि. द्वि. श्री खड्क सिंह पाल</td><td>६</td><td>७</td><td>१२००</td><td>१०८००</td><td>२ चौमासिक</td></tr>
<tr><td>घटाल आ. वि. पोलखरी</td><td>प्रा. वि. द्वि. श्री दल ब पातली</td><td>६</td><td>७</td><td>९४०</td><td>८४६०</td><td>२ चौमासिक</td></tr>
<tr><td>पशुपति आ. वि. सुडा</td><td>प्रा. वि. तृ. श्री राधिका बम</td><td>०</td><td>१</td><td>८८७</td><td>७९८३</td><td>२ चौमासिक</td></tr>
<tr><td>शिव प्रा. वि. सामादेवी</td><td>प्रा. वि. द्वि. श्री हंशराज शर्मा</td><td>६</td><td>७</td><td>९४०</td><td>८४६०</td><td>२ चौमासिक</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>५४९६३</td><td></td></tr>
</table>
</td><td>५४,९६३</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २२.२ | | | **बालविकास सहजकर्ताः-** यस पालिकामा कुल ६१ बाल विकास केन्द्र संचालनमा रहेका छन् । २०७७।७८ को EMIS विवरण अनुसार बाल विकास केन्द्रमा जम्मा ५०१ जना बालबालिका रहेको देखिन्छ । जस अनुसार एक जना वाल विकास सहजकर्ताले औषतमा ८.२ जनालाई मात्र अध्यायन अध्यापन गराउने गरेको छ । तराइको विद्यालयका एक जना शिक्षक बराबर कम्तिमा २० जना विद्यार्थी हुनुपर्दछ । जसअनुसार यस पालिका जम्मा २५ जना मात्र बाल विकास सहजकर्ता मात्र भए पनि पुग्ने देखिन्छ । तसर्थ बाल विकास सहजकर्ताको दरबन्दी मिलान गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| २३ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्वेश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा बाटो निर्माण, सिचाइ कुलो मर्मत, फिल्ड निर्माण, बृक्षरोपण घेरावार निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष १९७ जनालाई रोजगारी उपलब्ध गराई रु.५०४१२६७।- खर्च गरेको छ । लक्षित वर्गलाई १० दिनदेखि ९७ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेको उक्त कार्यक्रममा रोजगारमुखी योजना कार्यान्वयन गर्दा बजेट बेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरी कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वयन गर्नु पर्नेमा सो वेगर वजेट खर्च भएको छ । सञ्चालित कार्यक्रमको संक्षिप्त विवरण देहायबमोजिम रहेको छः | |

| क्र.स | वडा नं | योजनाको नाम | बिनियोजन बजेट | ज्यालामा खर्च रकम | संख्या | औसत रोजगारी |
|---|---|---|---|---|---|---|
| १ | १ | खडक लुहारको घर देखी दक्षिण खगेन्द्र नाथको घर सम्म नाली सहित स्तरोन्नती | १९५४२६ | ७२३८० | १४ | १० |
| २ | २ | पुरानो स्वास्थ्य चौकी देखी भरत गुर्धामिको घर सम्मको बाटो नाली सहित मर्मत | १६२८५५ | १६१८२१ | ११ | २८.४५ |
| ३ | २ | वडा कार्यालयको फिल्ड मर्मत | ३५००० | ३४१२२ | ९ | ७.३० |
| ४ | ३ | वडा कार्यालय देखी सामुदायिक वन छुट्याउदै भम्का जोड्ने सडक नाली सहित | ३२५७१० | २९५२०७ | १३ | ४३.९२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | मर्मत | | | | | |
| | | | ५ | ३ | भम्का खानेपानी ट्यांकी पछाडी नाली सहित ट्र्याक खोल्ने | २६०५६८ | २५३३३० | ८ | ६१.२५ | |
| | | | ६ | ३ | ग्रिनवेल्ट फारलाइन र जयशंकर फारलाइन नयाँ ट्र्याक खोल्न | ७००२७६ | ६९७९५० | १५ | ९० | |
| | | | ७ | ४ | बौद्ध मन्दिर देखी खोलाको किनार हुदै भुवन सिंह धामीको घरु सम्मको सडक मर्मत तथा नाल निर्माण | ३२५७१० | ३१३८१९ | १० | ६०.७० | |
| | | | ८ | ४ | प्रमल धामीको घर देखी गम्भिर धामीको घर सम्म नाली सहित नयाँ ट्र्याक खोल्ने | ३२५७१० | १६४९२३ | ११ | २९ | |
| | | | ९ | ५ | विश्वकर्मा मन्दिर देखी सरस्वती मा वि हुदै वडा कार्यालय सम्म सडक नाली सहित मर्मत | ३५८२८१ | ३५१०४३ | ७ | ९७ | |
| | | | १० | ६ | नवल सिंह भाटको घर देखी मुसेपानी जय सिंह चौधरीको घर सम्मको सडक नाली सहित मर्मत | २६०५६८ | २६०५६८ | ७ | ७२ | |
| | | | ११ | ६ | सिद्ध सरोवरमा पदमार्ग निर्माण | ५१५००० | ५०६६६० | १० | ९८ | |
| | | | १२ | ९ | सार्की टोलको बाटो नाली सहित मर्मत | ३२५७१० | १९५४२६ | १५ | २५.२ | |
| | | | १३ | ९ | मन्त्री रानाको घर देखी पिपल चौतारी सम्म सडकको नाली निर्माण तथा मर्मत | ४५५९९४ | ३०४५१३ | १५ | ३७.९२ | |
| | | | १४ | ९ | राम दत्त भट्टको घर देखी राम बहादुर चन्दको घर सम्मको सडक नाली सहित मर्मत | ४८८५६५ | २५४८८१ | १३ | ३९.२६ | |
| | | | १५ | १० | चौधर नदी हाइवे देखी हरपाल खेलकुद मैदान हुदै बिरेन्द्र थापाको जमिन सम्म नाली सहित नया ट्र्याक खोल्ने | ३९०८५२ | ३९०८५२ | ११ | ६८.७२ | |
| | | | १६ | १० | पेराडाडी भण्डारी टोल देखी दक्षिण श्री रत्न मा वि को जमिन जोड्ने नाली सहित | ६५१५०० | ६०७४७५ | १७ | ६९.११ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td></td><td></td><td>नयाँ ट्रयाक खोल्ने</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>१७</td><td>१०</td><td>लाल बहादुर खड्काको जमिन देखि झोलङ्गे पुल सम्म नालि सहित बाटो मर्मत योजना</td><td>३२५७१०</td><td>१७६२९७</td><td>११</td><td>३१</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>६१०३४३५</td><td>५०४१२६७</td><td>१९७</td><td>५१</td></tr>
</table></td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>कर समायोजन तथा अग्रिम कर</td><td></td></tr>
<tr><td>२४.१</td><td>240</td><td>२०७७-८-३०</td><td>मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक व्यक्ति वा फर्मले कुनै वस्तु वा सेवा आपुर्ति गर्दा अनुसुची ५(क) वमोजिमको ढांचामा कर विजक जारी गरी पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले महाकाली एडभरटाइजिङ्ग (६१०७८४०११) को फर्मलाई भुक्तानी गरकोमा सो फर्मले जारी गरेको विजकमा हातले लेखेको बीजक नं. कैफियत देखिएकोले बीजक रकम रु. १३३२८० को मुल्य अभिवृद्धि कर रकम रु. १७३२६.४ सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>१७,३२६.४</td></tr>
<tr><td>२४.२</td><td></td><td></td><td>आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्न बमोजिममा अग्रिम कर र अन्य कर कट्टि नगरेको सम्बन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रु.<table>
<tr><td>८१४।०७८।३।१८</td><td>कञ्चनपुर जिल्ला क्रिकेट सङ्घ</td><td>५०००० को १५ प्रतिशतको दरले</td><td>७५००</td></tr>
<tr><td>८८०।०७८।३।२५</td><td>बि जे एग्रोभेट ट्रेडिङ्ग कन्सर्न एण्ड सप्लायर्स</td><td>२४७००० को १.५ प्रतिशतको दरले</td><td>३७०५</td></tr>
<tr><td>९१९।०७८।३।२७</td><td>जनता एग्रोभेट इन्टरप्राइजेज</td><td>३१२००० को १.५ प्रतिशतको दरले</td><td>४६८०</td></tr>
<tr><td>९५२।०७८।३।२९</td><td>ड्रग सेन्टर धनगढी</td><td>२४६६६७ को १.५ प्रतिशतको दरले</td><td>३७००</td></tr>
</table></td><td>१९,५८५</td></tr>
<tr><td>२५</td><td></td><td></td><td>कृषि कार्यक्रमतर्फ</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| २५.१ | | | भौ.नं. १२२।०७७।७।१८, कृषि कार्यक्रमको लागि बि.जे. एग्रोभेट ट्रेडिङ्ग कन्सर्न एण्ड सप्लायर्सलाई तरकारीको बिउ (काउली, बन्दा, गोलभेडा इत्यादी) को लागि सप्लायर्सले रु. ४३३७९४ को बील पेश गरी भुक्तानी पालिकाबाट लिएकोमा उक्त कार्यक्रमको कृषक तथा कृषक समूह छनौटको आधार , तरकारी बिउ वितरण गर्दा वडाध्यक्षको रोहवर , वितरणपछि अनुगमन, कार्यक्रमको प्रभावकारीता तथा नर्मस एकीन नभएको उक्त कार्यक्रम पारदर्शी छ भने यकीन गर्न सकिएन । | |
| | | | भौ.नं. २००।०७७।८।२३, कृषि कार्यक्रमको लागि बि.जे. एग्रोभेट ट्रेडिङ्ग कन्सर्न एण्ड सप्लायर्सलाई गहुँको बिउ ५० प्रतिशत कृषकको सहभागिता हुने गरी वितरणको लागि रु. ७७६४५७ को बील पेश गरी भुक्तानी पालिकाबाट लिएकोमा उक्त कार्यक्रमको कृषक छनौटको आधार, तरकारी बिउ वितरण गर्दा वडाध्यक्षको रोहवर, वितरणपछि अनुगमन तथा कार्यक्रमको वितरणको नम्स हेर्दा प्रभावकारी छ भने मान्न सकिने अवस्था छैन् । | |
| | | | भौ.नं. २८२।०७७।९।१३, कृषि कार्यक्रमको लागि विनय च्याउ उद्योग प्रा.लि.लाई च्याउ र प्लाष्टिक थैलीको लागि रु. २४९८३५ को बील पेश गरी भुक्तानी पालिकाबाट भएको कृषक छनौटको आधार, पालिकाको रोहवरमा कार्यक्रम भए नभएको यकीन नभएको, वितरणपछि पालिकाबाट अनुगमन, कार्यक्रमको वितरणको नम्स एकीन नभएको उक्त कार्यक्रम प्रभावकारी छ भने यकीन गर्न सकिएन । | |
| | | | भौ.नं. ३४६।०७७।१०।८, कृषि कार्यक्रम एकल महिला, दलित तथा जनजातीको लागि प्याज र खुर्सानी वितरण गर्नको लागि रु. १४९७४५ को बील पेश गरी भुक्तानी पालिकाबाट लिएकोमा उक्त कार्यक्रमको कृषक छनौटको आधार, पालिकाको रोहवरमा कार्यक्रम भए नभएको यकीन नभएको, वितरणपछि अनुगमन नभएको, कार्यक्रमको प्रभावकारीता तथा नर्मस एकीन नभएको उक्त कार्यक्रम पारदर्शी देखिएन । | |
| | | | भौ.नं. ६४६।०७८।२।२३, नष्ल सुधार कार्यक्रमको लागि दुईवटा वयर बोकाको रु. १८०००० मा खरिद गरेको प्रति बोका रु. ९०००० को बील पेश गरेकोमा बीलमा प्रति केजी तथा ईकाई समेत नखुलाई बील पेश गरेकोमा के को आधारमा खरिद गरी कार्यक्रममा खर्च गरेको हो भन्ने कुरा यकीन गर्न सकिएन । | |
| | | | भौ.नं. ८८०।०७८।३।२५, कृषि कार्यक्रम टनेल प्लाष्टिक वितरण गर्नको लागि कृषकबाट ५० प्रतिशतको लागत सहभागिता व्यहोर्ने गरी रु. २४७००० को पालिकाबाट भुक्तानी भएको उक्त कार्यक्रमको कृषक छनौटको आधार, पालिकाको रोहवरमा कार्यक्रम भए नभएको यकीन नभएको, वितरणपछि अनुगमन नभएको, कार्यक्रमको प्रभावकारीता तथा नम्स एकीन नभएको उक्त कार्यक्रम पारदर्शी छैन् । | |
| | | | भौ.नं. ९१९।०७८।३।२७, कृषि कार्यक्रम बिभिन्न (स्प्रेयर र टनेल र डिजिटल स्प्रिङ्ग समेत) सामाग्री वितरण गर्नको लागि कृषकबाट ५० प्रतिशतको लागत सहभागिता व्यहोर्ने गरी रु. ३१२००० को पालिकाबाट भुक्तानी भएको उक्त कार्यक्रमको कृषक छनौटको आधार, पालिकाको रोहवरमा कार्यक्रम भए नभएको यकीन नभएको, पालिकाबाट सिफारिस वा वितरणपछि अनुगमन नभएको, कार्यक्रम प्रभावकारीत छ भने भन्न सक्ने अवस्था छैन् । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५.२ | | | अर्थ मन्त्रालयको कार्य सन्चालन निर्देशिका, २०७५ को ७.१.१५ अनुसार नगरपालिका स्तरीय कार्यक्रममा प्रदेश, जिल्ला अधिकृत स्तरका कर्मचारीलाई कार्यपत्र बेगर रु. १६०० र सहायक स्तरका कर्मचारीलाई रु. ११०० का दरले प्रति कक्षा प्रशिक्षण भत्ता दिने व्यवस्था छ । उल्लिखित दरभन्दा बढी भुक्तानी भएको देहाय बमोजिमका दरले सम्बन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रु. | २३,७१६ |

| भौ नं. र मिति | कार्यक्रमको नाम | प्रशिक्षकको नाम | दिएको रकम | दिनुपर्ने रकम | बढी रकम असूल हुनुपर्ने रु. |
|---|---|---|---|---|---|
| ५२८।०७७।१२।९ | बेमौसमी तरकारी तालीम | बेदराज बडु | १२७५० | ९३५० | ३४०० |
| ५३३।०७७।१२।९ | बेमौसमी तरकारी खेची तालीम | विर बहादुर कुँवर | १७२१३ | ११४७५ | ५७३८ |
| ५३३।०७७।१२।९ | बेमौसमी तरकारी खेची तालीम | देवराज बडु | १७२१३ | ८४१५ | ८७९८ |
| ७३५।०७८।३।१२ | तरकारी खेती सम्बन्धी १ दिने तालीम | देवराज बडु | ५१०० | ३७४० | १३६० |
| ७३५।०७८।३।१२ | च्याउ खेती सम्बन्धी १ दिने तालीम | देवराज बडु | ५१०० | ३७४० | १३६० |
| ७३५।०७८।३।१२ | गहुँ खेती सम्बन्धी १ दिने तालीम | देवराज बडु | ५१०० | ३७४० | १३६० |
| ७५१।०७८।३।१३ | कृषि सम्बन्धी तालीमको प्रशिक्षण भत्ता | देवराज बडु | ६३७५ | ४६७५ | १७०० |
| | जम्मा | | | | २३७१६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५.३ | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ५१ (१) बमोजिम प्रत्येक कारोवारको लेखा राख्दा स्पष्ट विवरण देखिने गरी खर्च सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले निम्न बमोजिमको खर्च लेख्दा भरपाई पेश नगरेकोले भरपाई पेश गर्नुपर्ने अन्यथा असूल गरी दाखिला गर्नुपर्ने रु.<br><br>भौ. नं.: १२२।०७७।७।१८ — विवरण: काउली, बन्दा, गोलभेडा र खुर्सानीको बिउ — मूल्य: काउली १ प्याकेटको रु.४०५, बन्दा एक प्याकेटको रु.३१५, गोलभेडा १ प्याकेटको रु.१३५० र खुर्सानी १ प्याकेटको रु.५०० को दरले — रकम रु.: २५७०<br>भौ. नं.: ५९०।०७७।१२।३० — विवरण: अरुण जातको मकैको बिउ वितरण — मूल्य: २१ किलो मकैको १५० को दरले हुने — रकम रु.: ३१५० | ५,७२० |
| २६ | | | **पदाधिकारी बैठक भत्ता** | |
| २६.१ | | | सुदूरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सुविधा सम्बन्धी ऐन, २०७५ दफा १२ म ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाइने व्यवस्था छ । पालिकाले नगरसभा तथा कार्यपालिकाको बैठक भनी २०७६ कार्तिक देखि २०७८ आषाढ मसान्त सम्म २१ महिनाको प्रदेश कानून बमोजिमको पाउनु पर्ने बैठक भत्ता लगायत अन्य सुविधा प्राप्त कार्यपालिकाको पदाधिकारीहरुलाई भुक्तान गरेको देखिन आएकोले वडा नं. १० को ५ जना पदाधिकारीले मासिक रु. २००० को दरले बसेको माइन्युट लगायतका प्रमाण पेश गरी सुविधा दिनुपर्नेमा पालिकाबाट सो बैठक बसी निर्णय लगायतको विवरण पेश नगरी रु. २१०००० नियम सम्मत नदेखिएको रु. | २१०,००० |

Nested table in row २५.३:

| भौ. नं. | विवरण | मूल्य | रकम रु. |
|---|---|---|---|
| १२२।०७७।७।१८ | काउली, बन्दा, गोलभेडा र खुर्सानीको बिउ | काउली १ प्याकेटको रु.४०५, बन्दा एक प्याकेटको रु.३१५, गोलभेडा १ प्याकेटको रु.१३५० र खुर्सानी १ प्याकेटको रु.५०० को दरले | २५७० |
| ५९०।०७७।१२।३० | अरुण जातको मकैको बिउ वितरण | २१ किलो मकैको १५० को दरले हुने | ३१५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २६.२ | | | सुदुरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १२ म ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाइने व्यवस्था छ । न्यायिक समितिको सेवा सुविधा नगरसभाले तोके बमोजिम हुनेछ भनी व्यवस्था गरेको अवस्थामा नगरसभाको निर्णय बेगर न्यायिक समितिका पदाधिकारी ५ जनाले देहाय बमोजिम बैठक भत्ता वर्ष भरी १२ वटा बैठक भत्ताको रकम प्राप्त गरेकोले सम्बन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रु. | ५१,००० |

| विवरण | वैठक संख्या | कर पछिको भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| सुसिला सिंह | १२ | १०२०० | |
| नरेश बहादुर सिंह | १२ | १०२०० | |
| चन्द्र बहादुर कुँवर | १२ | १०२०० | |
| अमर महरा | १२ | १०२०० | |
| अनिल लुहार | १२ | १०२०० | |
| जम्मा | | ५१००० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७ | | | **मर्मत खर्च**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ अनुसार सार्वजनिक निकायमा रहेको कुनै मालसामान मर्मत गर्नुपर्ने भए सोको लिखित जानकारी सो निकायको प्रमुखलाई दिनुपर्ने र सो को जानकारी प्राप्त भएपछि यसै नियमावलीको १३ (५) अनुसार लागत अनुमान तयार गर्न लगाई खर्च लेख्नु पर्ने व्यवस्था छ । कार्यालयले गाडी मर्मत गर्दा लागत अनुमान तयार नगरी र मर्मत अभिलेख समेत संलग्न नगरी रु. ५२२३२०७ रकम भुक्तानी दिएको देखिन्छ । मर्मत खर्च लेख्दा लागत अनुमान तयार गर्ने र मर्मत अभिलेख समेत संलग्न गरी खर्च लेख्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८ | | | **कानूनी सल्लाहकार**<br>सुदूरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत)मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर नगरपालिकाले कानूनी सल्लाहकारको रुपमा चुडामणी अर्याललाई नियुक्त गरी मासिक रु. १५००० का दरले रु. १८०००० भुक्तानी भएको छ । यस्तो खर्चमा नियन्त्रण हुनु पर्दछ । | |
| २९ | | | **खाना तथा विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको स्वीकृत परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष खाना तथा विविध खर्चमा रु. ३४ लाख १ हजार खर्च गरेको छ । यस्तो खर्च औचित्यताको आधारमा गर्नु पर्दछ । | |
| ३० | | | **अन्य खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा प्रोत्साहन तथा अन्य खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष प्राविधिक कर्मचारीलाई प्रोत्साहन भत्ता रु. २२८०००, महिला स्वयंसेविकालाई प्रोत्साहन भत्ता दिएको रु. ८५००००, भूमि आयोगका कर्मचारीहरुलाई करार नियुक्त गरी गरेको खर्च रु. २०२९५८९ र स्थानीय शिक्षक नियुक्त गरी रु. ५४०००० गरी जम्मा रु. ३६४७५८९ खर्च गरेको छ । यस्ता खर्चहरु औचित्यताको आधारमा गर्नु पर्दछ । | |
| ३१ | | | **घरभाडा**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४ (१) अनुसार क्षेत्रिय र जिल्ला स्तरको सार्वजनिक निकायको हकमा त्यस्तो निकाय र जिल्ला प्रशासन कार्यालय जिल्ला विकास समिति र को. ले. नि. का. को सूचनापाटीमा कम्तिमा ७ दिनको अवधिको सूचना टाँस गरी भाडाको प्रस्ताव माग गर्नु पर्ने र उपनियम ४ अनुसारको घर भाडा निर्धारण समितिले तय गरेको दर रेटको आधारमा घर भाडा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले बिभिन्न वडा कार्यालय लगायत अन्य कार्यका लागी घरभाडा बापत रु. ९४११०२ भुक्तानी गरेको देखियो । अतः नियमावलीमा भएको व्यवस्थालाई पालना गरी घरभाडा भुक्तान गर्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | | | **शिक्षकको तलब समानीकरण शीर्षकबाट**<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्विकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरि सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७७ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्विकृत दरबन्दी भित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट २०७७ श्रावण देखि २०७८ आषाढसम्ममा ४७ वटा विद्यालयहरुलाई वर्षभरी रु. १११९००० निकासा गरेको अनियमित देखिएको रु. | १,११९,००० |
| ३३ | | | **इन्धन खर्च**<br>नगरपालिकाले यस बर्ष पटके बाहेक नियमित रुपमा इन्धन खर्च बापत पदाधिकारीलाई रु. १९३४०७६ तथा इन्धन कार्यालय प्रयोजनको लागि रु. ३५३४९५८ गरी जम्मा ५४६९०३४ इन्धन खर्च भुक्तानी गरेको छ । यस्तो इन्धन नगरपालिकाका मोटरसाइकल, दमकल, लोडर, डोजर, टिपर, एक्जाभेटर, व्यारहोलोडर जस्ता सााधनहरुमा उपयोग गरेको जानकारी गराएको छ । यसले गर्दा खपत हुने इन्धन र सम्पादित कार्यको आधारमा खर्चको एकीन गर्न सकिने अवस्था देखिएन । नगरपालिकाबाट हुने इन्धन खर्चको प्रयोग र सम्पादित कार्य खुल्ने प्रमाणित कार्य सम्पन्न प्रतिवेदनका साथै प्रयोग गरेको कार्यालयको अभिलेख र लगबुकका आधारमा इन्धन खर्च लेख्ने व्यवस्था गर्नुपर्ने र इन्धन खर्चको कामको आधारमा नर्मस स्वीकृत गरेर आन्तरिक नियन्त्रणको व्यवस्था गरी खर्चको मितव्ययीता कायम हुने गरी इन्धन खर्च गर्नु पदर्छ । नगरपालिकाले विनियोजित बजेट खर्च गर्दा सार्वजनिक स्रोतको अधिकतम उपयोग हुने गरी मितव्ययिता अवलम्वन गरी खरीद कार्य गर्नु पर्दछ । | |
| ३४ | | | **करार थप दरबन्दी**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी सङ्गठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । नगरपालिकाले यस वर्ष कृषि सहजकर्ता २ , न्यायिक सहजकर्ता १ र सामाजिक परिचालक २ गरी ५ जनाको अस्थायी दरबन्दी स्वीकृत गरी प्रवाह गरेको पाइयो । अस्थायी कर्मचारी राखी रु. ९९३६०० खर्च लेखेको छ । अस्थायी दरबन्दी राखी खर्च गरेको हुँदा अनियमित देखिएको रु. | ९९३,६०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५ | | | **पारिश्रमिक कर**<br>आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम बार्षिक आयमा कर गणना गर्दा दम्पत्तिको हकमा (क) रु. ४५०००० सम्म १ प्रतिशत, (ख) रु. ४५०००० देखि रु. ५५०००० सम्म रु. १००००० मा १० प्रतिशत, (ग) रु. ५५०००० देखि रु. ७५०००० सम्म रु. २००००० मा २० प्रतिशत, (घ) रु. ७५०००० देखि रु. २०००००० सम्म रु. १२४५००० मा ३० प्रतिशत र रु. २०००००० भन्दा बढीको आम्दानीमा (घ) बमोजिम लाग्ने करको दरमा थप २० प्रतिशत अतिरिक्त कर लाग्ने व्यवस्था छ । तर नगरपालिकामा कार्यरत अधिकृत स्तर तथा पारिश्रमिक पुग्ने अन्य कर्मचारीहरुको पारिश्रमिक कर माथि उल्लेखित व्यवस्था अनुसार कर कट्टि नगरेकोले कट्टि असूल दाखिला हुनुपर्ने । | ९५,२९३ |

| क्र.सं. | नाम | पद | जम्मा आय | कट्टा हुने रु. | कर लाग्ने | जम्मा कर रु. |
|---|---|---|---|---|---|---|
| १ | अमर महरा | अधिकृत | ४७९८३४ | ४५०००० | २९८३४ | २९८३.४ |
| २ | नर बहादुर कार्की | अधिकृत | ४७२३६२ | ४५०००० | २२३६२ | २२३६.२ |
| ३ | सतिश बहादुर शाही | इन्जिनियर | ४७७८७० | ४५०००० | २७८७० | २७८७ |
| ४ | सुनिल चन्द | सूचना प्रविधि अधिकृत | ४७७८७० | ४५०००० | २७८७० | २७८७ |
| ५ | सुशिला सिंह | उप मेयर | ९८०५०० | ४५०००० | ५३०५०० | ८४५०० |
| | जम्मा | | | | | ९५२९३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६ | | | **नगर शिक्षा समिति तथा अनुगमन भत्ता** | |
| ३६.१ | | | सुदूरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १२ मा ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा भुक्तानी दिन नपाइने व्यवस्था छ । नगरपालिकाले देहाय बमोजिम नगर सभा शिक्षा समितको बैठक भत्ता भनी पदाधिकारी तथा आमन्त्रित सदस्यहरुलाई समेत बैठक भत्ता भुक्तानी गरेको पाइयो । ऐनमा भएको व्यवस्था विपरीत पदाधिकारीलाई भुक्तानी भएको रकम अनियमित देखिएको रु. | ११३,४७५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | विवरण | बैठक संख्या | करकट्टि पछि भुक्तानी रकम रु. | कैफियत | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | नरेश बहादुर सिंह | ६ | ७६५० | | |
| | | | | नन्द सिंह सार्की | ७ | ८९२५ | | |
| | | | | निर्मला विष्ट चौधरी | ७ | ८९२५ | | |
| | | | | पशुपति चन्द मल्ल | ७ | ८९२५ | | |
| | | | | हिरा जैशी | ६ | ७६५० | | |
| | | | | रावेश बहादुर चन्द | ७ | ८९२५ | | |
| | | | | रण बहादुर दौल्याल | ७ | ८९२५ | | |
| | | | | प्रेमवती राना | ३ | ३८२५ | | |
| | | | | शंकर दत्त भट्ट | ४ | ५१०० | | |
| | | | | मन्जु थापा | ३ | ३८२५ | | |
| | | | | सुसिला सिंह | ५ | ६३७५ | | |
